स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ सँग सम्बन्धित

## आठराई गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या :४ मितिः २०७८/०७/१०

भाग-२

आठराई गाउँपालिका

तेह्रथुम

१ नं. प्रदेश

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

***लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८***

**.प्रस्तावना :** समाजमा बढ्दै गइरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न बाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी आठराई गाउँपालिकाको यो कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाइएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम लैङ्गिग हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "शाखा" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले संघीय सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ

(घ) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारणका लागि स्थापित स्थानीय राहत तथा उद्धार कोष सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले नियम ७ बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति सम्झनु पर्छ ।

(च) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(छ) "सञ्चालक समिति" भन्नाले नियम ८ बमोजिमको राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ज) " लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायतका लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

**३. लैङ्गिक हिंसा निवारण कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारणका लागि स्थानीय राहत तथा उद्धार कोष नामको एक कोष स्थापना गरिने छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहने छन्:-

(क) नेपाल सरकार तथा १ नं. प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) आठराई गाउँपालिकाबाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा विभिन्न संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको रकम स्थानीय बैङ्कमा छुट्टै खाता खोली जम्मा गरिने छ ।

(४) कोषको खाताको सञ्चालन सञ्चालक समितिको सदस्य सचिव र पालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषमा रकम जम्मा गर्ने :** महिला हक हितको संरक्षणका लागि महिला हक हितको क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र कार्यरत राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा गाउँपालिकाको बार्षिक रुपमा गर्ने खर्चको मन्त्रालयले तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

**५.कोषको उपयोग :**(१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिने छ :-

(क) तत्काल उद्धार गर्न ,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचारतथा मनोविमर्श प्रदान गर्न,

(ङ)कुनै व्यवसाय गर्नकोलागि तथा स्वरोजगारका लागि व्यवसाय स्थापना गरी अनुदानको रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(५) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा ।

(२) उपनियम (१)मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दूर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सकिने छ ।

**छ. कोषको रकम अन्य काममा खर्च गर्न नसकिने :** (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिने छ।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकाशा दिने छ।

**८. स्थानीय तत्काल उद्धार तथा राहत समितिको गठन :** (१) हिंसामा परेका महिला, किशोरी तथा बालबालिकाको तत्काल उद्धार लगायतका कार्य गर्न स्थानीय स्तरमा देहाय बमोजिमको स्थानीय तत्काल उद्धार तथा राहत समिति रहने छ :-

(क) उपाध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय - सदस्य

(घ) गाउँ सभा सदस्य (महिला १ जना) - सदस्य

(ङ) संयोजक आर्थिक विकास समिति - सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट

सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि एक जना - सदस्य

(छ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

(२) उपनियम (१) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि ३ बर्षको हुनेछ।

(३) सञ्चालक समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहने छ।

(४) कोषको खाताको सञ्चालन सञ्चालक समितिको सदस्य सचिव र पालिकाको लेखा प्रमुखको संयुक्त

दस्तखतबाट हुनेछ।

**९. स्थानीय राहत तथा उद्धार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमका हुनेछनः-**

(क) लैङ्गिक हिंसा निवारणको सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाबाट स्वीकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कोषमा रकम जुटाउने,

(ग) सचिवालयको काम कारवाहीको अनुगमन गर्ने वा गराउने,

(घ) गाउँपालिका क्षेत्रभित्र घटेका लैङ्गिक हिंसा सम्बन्धी घटनाको अभिलेख अध्यावधिक गर्ने ,

(ङ) सिपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना गर्न  अनुदान प्रदान गर्ने सम्बन्धमा मापदण्ड बनाई लागू गर्ने,

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने निकाय तथा संस्थासँग समन्वय गर्ने,

(छ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने,

(ज) लैङ्गिक हिंसा निवारण सम्बन्धी अन्य काम गर्ने वा गराउने,

(झ) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ञ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(ट) जिल्ला स्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु बिच समन्वय गर्ने,

(ठ) लैङ्गिक हिंसा हुन नदिका लागि स्थानीय स्तरमा जन चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

**९.समितिको बैठक र निर्णय :** (१) समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

(३) सञ्चालक समितिको बैठक बस्नुभन्दा कम्तिमा २४ घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफू मध्येबाट  छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने  व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको बैठकमा आवश्यकता अनुसार कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई पर्यवेक्षकको रुपमा  भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि सो समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. कोषमा रकम उपलब्ध गराउने :** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि गाउँपालिकाले प्रत्येक वर्ष अनिवार्य रुपमा रकम विनियोजन गर्नेछ र अन्य संघ संस्थासँग पनि सहयोग माग्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र अधार :**

(१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइने छः-

(क) पीडितलाई तत्कार उद्धार गर्नुपर्ने भएमा सवारी साधनको प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन छ सय रुपैंया र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिनुपर्ने भएमा प्रतिदिन पाँच सय रुपैंयाको दरले बढीमा दश हजार रुपैंया,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आउँदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रतिदिन छ सय रुपैंया, अस्पतालमा वस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन चार सय रुपैंया र उपचार खर्च समेत गरी बढीमा बीस हजार रुपैंया,

(ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि दश हजार रुपैंया नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुने व्यवसाय गर्नको लागि तथा स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान समेत गरी बढीमा तीस हजार रुपैंया,

(ङ) पुर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैंया,

(च)सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा पन्ध्र हजार रुपैंया ।

(२) उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले समितिमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा त्यस्तो पीडितलाई दुई हजार रुपैंया नबढ्ने गरी मनासिव रकम थप गरिदिन सकिने छ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि  नेपाल बाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिने छ ।

**१२. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई अनुसूचीमा उल्लेख भए बमोजिमको ढाँचामा समितिमा निवेदन दिनुपर्ने छ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा समितिले नियम ८ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने छ।

**१३. तत्काल रकम उपलब्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पच्चीस हजार रुपैँयामा नबढ्ने गरी मानसिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिमको अवस्था हेरी समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराइएमा त्यसरी रकम उपलब्ध गराइएको खण्डमा पछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ।

**१४. कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

**१५.स्वरोजगारका लागि व्यवसाय स्थापना अनुदान रकम :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा विनियोजित रकम गाउँपालिकामा रहेको विपन्न नागरिक सहयोग कोषमा रहनेछ। स्थानीय राहत तथा उद्धार समितिको सिफारिसमा परिचालन गरिने छ।

**१६. प्रतिवेदन पेश गर्ने :** (१) राहत समितिले सो समितिबाट भए गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक बर्ष भरिमा भए गरेका काम कारवाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्ने छ।

**१७. बैठक भत्ता :** समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत पालिकाबाट पालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउने छन्।

**१८. निर्देशन दिन सक्ने :** (१) नेपाल सरकर, प्रदेश सरकार तथा गाउँपालिकाले समितिको काम कारबाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम दिइएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

**१९. बाधा अड्काउ फुकाउने :** यो विधि कार्यान्वयनका कममा कुने बाधा अड्काउ उत्पन्न भएमा फुकाउने अधिकार कार्यपालिकामा निहित रहनेछ।

**२०. खारेजी र बचाउ :** यस कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै बमोजिम र अन्य कुरा प्रचलित ऐन कानून बमोजिम हुनेछन् ।

# अनुसूची

**(दफा १२ सँग सम्बन्धित)**

विषय : सहयोग उपलब्ध गराई पाऊँ ।

श्रीमान् अध्यक्ष ज्यू

स्थानीय उद्धार तथा राहत समिति

आठराई गाउँपालिका,तेह्रथुम ।

महोदय,

म..........................................मा बस्ने वर्ष........को ..................मिति......................बाट

लैङ्गिक हिंसाबाट पीडित पीडित भएको छु । मेरो आर्थिक स्तर ज्यादै रहेको छ । म उपर लैङ्गिक हिंसा (.............................) भएको कारणले मेरो मानसिक/शारीरिक/सामाजिक अवस्था कमजोर भई अशक्त अवस्थामा रहेको हुनाले मलाई औषधी उपचार/कानूनी सहायता एवम् परामर्श/उद्धार/मनोविमर्श/स्वरोजगार/पुनर्स्थापना/अन्य.............................कामको लागि सहयोगको आवश्यकता परेको हुँदा स्थानीय लैङ्गिक हिंसा निवारण कोषबाट नियमानुसार सहयोग रकम उपलब्ध गराईदिनु हुन यो निवेदन पेश गर्दछु ।

निवेदकः-

नाम थरः.................................

ठेगानाः.....................................

दस्तखतः...................................

मितिः......................................

आज्ञाले,

महेन्द्र बहादुर घिमिरे

प्रमुख प्रशासकीय अधिकृत